# सुनापति गाउँपालिकाको विनियोजन विधेयक २०८०

**सुनापति गाउँपालकिाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभामा पेश गरेको मिति: २०८०।०३।१०

**प्रस्तावना:** सुनापति गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम सुनापति गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)**यस विधेयकको नाम " सुनापति गाउँपालिकाका विनियोजन विधेयक, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु५४,७८,५५०००। (अक्षेरुपी चौवन्न करोड अठहत्तर लाख पचपन्न हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| आय | | | समष्टिगत व्यय | | |
|---|---|---|---|---|---|
| सिं नं | शिर्षक | रकम | सिं नं | | रकम |
| १ | संघीय समानीकरण अनुदान | १०,७९,००,०००.०० | १ | चालु तर्फ | ३४,१२,५०,०००.०० |
| २ | संघीय शशर्त अनुदान चालु | २०,८६,००,०००.०० | २ | पुँजीगत तर्फ | १७,७८,०५,०००.०० |
| ३ | संघीय शशर्त अनुदान पुजिगत | १,२५,००,०००.०० | ३ | वित्तिय व्यवस्था तर्फ | २,८८,००,०००.०० |
| ४ | संघीय विशेष अनुदान | ८०,००,०००.०० | | जम्मा | ५४,७८,५५,०००.०० |
| ५ | संघीय समपुरक अनुदान | ५०,००,०००.०० | | | |
| ६ | प्रदेश समानीकरण अनुदान | १,१०,७८,०००.०० | | | |
| ७ | प्रदेश शशर्त अनुदान चालु | २,०४,५०,०००.०० | | | |
| ८ | प्रदेश शशर्त अनुदान पुजिगत | ४५,००,०००.०० | | | |
| ९ | प्रदेश विशेष अनुदान | १,००,००,०००.०० | | | |
| १० | प्रदेश समपुरक अनुदान | १,७५,००,०००.०० | | | |
| ११ | संघीय राजस्व बाँडफाँड | ७,००,००,०००.०० | | | |
| १२ | प्रदेश राजस्व बाँडफाँड | २,०३,००,०००.०० | | | |
| १४ | आन्तरीक श्रोत | ५,२०,२७,०००.०० | | | |
| १५ | कुल जम्मा | ५४,७८,५५,०००.०० | | | |